का.जि.प्र.का.द.नं. १००/०५९/६०
१९ जेठ २०८१,
शनिबार
1 June 2024,
Saturday
मूल्य रु. ५/-

# मध्याह्न

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक १०९ । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com



बागलुङको ढोरपाटन नगरपालिका बोबाङबाट आफ्नो वस्तुसहित सरसामान लिएर लेक उक्लँदै गरेका गोठालाहरु । अहिले लेक उक्लिएका गोठला असोज लागेपछि मात्रै बेसी झर्छन् । तस्बिरः डम्मर बुढामगर/रासस

# संकट टार्न एकता प्रयास !

उपेन्द्र यादव नेतृत्वको जसपा फुटले अदालतबाट वैधानिकता नपाए तत्काल माधव कुमार नेपाल नेतृत्वको नेकपा एकीकृत समाजवादीसँग एकता गर्नेसम्मको तयारीमा नेताहरु छन् ।



## प्रदेशपिच्छे फरक आर्थिक नीति प्रस्ताव

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १८ जेठ ।

यही जेठ २० गतेदेखि संघीय संसदमा आगामी आर्थिक बर्षको बजेटमाथि छलफल हुने भएको छ । सभामुख देवराज घिमिरेका अनुसार प्रतिनिधि सभाको पाक्षिक क्यालेन्डर तयार भएको छ। जसमा जेठ २० गतेदेखि बजेटमाथि छलफल गर्ने उल्लेख छ। राष्ट्रिय सभामा पनि सोही दिनदेखि बजेटमाथि छलफल हुनेछ ।

अर्थमन्त्री वर्षमान पसनले यही जेठ १५ गते संघीय संसदमा आगामी आर्थिक बर्षको बजेट भाषण गरेका थिए । त्यसक्रममा उनले प्रदेशपिच्छे फरक आर्थिक नीति प्रस्ताव गरेका छन् ।

सरकार प्रदेश अनुसार फरक-फरक आर्थिक नीति लिने उद्घोषका साथ अगाडि बढेको छ । नेताहरुका अनुसार आगामी आर्थिक बर्षको बजेटमा घोषणा भएको प्रदेशपिच्छे फरक आर्थिक नीतिबारे संसदमा छलफल हुनेछ।

बजेटमा उल्लेख भए अनुसार कोशी प्रदेशमा उद्योग, मधेश प्रदेशमा कृषि र कर्णाली प्रदेशमा जडिबुटीका माध्यमबाट विशिष्टिकृत आर्थिक केन्द्रको रुपमा विकास गरिनेछ ।

बागमती प्रदेशलाई सूचना प्रविधि, गण्डकी प्रदेशलाई पर्यटन, लुम्बिनीलाई साना तथा मझौला उद्यमको विकासको केन्द्र बनाउने सरकारको घोषणा छ ।

'निजी क्षेत्रसँगको सहकार्यमा प्रदेशलाई विशिष्टिकृत आर्थिक केन्द्रको रूपमा विकास गरिनेछ।यसअनुसार कोशीलाई उद्योग, मधेशलाई कृषि, बागमतीलाई सूचना प्रविधि, गण्डकीलाई पर्यटन, लुम्बिनीलाई साना तथा मझौला उद्यम, कर्णालीलाई जडिबुटी र सुदूरपश्चिमलाई धार्मिक पर्यटन आर्थिक हब बनाइनेछ' बजेटको बुँदा नम्बर ८१ मा भनिएको छ ।

अर्थमन्त्रालयका अनुसार संघीयता बलियो बनाउने उदेश्यका साथ यो अवधारणा आएको हो । प्रदेशमा आर्थिक गतिविधि बढाउने गरी यो कार्यक्रम अन्तर्गत योजनाहरु छनोट गरिएको छ ।

मन्त्रालयका अधिकारीहरुका अनुसार साना आयोजनाहरु शुरुमा राखिएकाले यो कार्यक्रम आगामी

> सरकार प्रदेश अनुसार फरक-फरक आर्थिक नीति लिने उद्घोषका साथ अगाडि बढेको छ । आगामी आर्थिक वर्षको बजेटमा घोषणा भएको प्रदेशपिच्छे फरक आर्थिक नीतिबारे संसदमा छलफल हुनेछ ।

आर्थिक वर्षमै कार्यान्वयनमा जानेछ र त्यसको सफलताको आधारमा दीर्घकालिन योजनाहरु तय गरिनेछ ।

यी लगायतका विषय समेटेर अर्थमन्त्री पुनले कार्यदिशा स्पष्ट गर्न बजेटमा पाँच उद्देश्य, पाँच प्राथमिकता, आर्थिक सुधारका पाँच रणनीति र पाँच रूपान्तरणकारी क्षेत्रका कार्यक्रम समेटेको बताएका छन् ।

बजेटका राखेका पाँच उद्देश्यमा उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि छ। निजी क्षेत्रको मनोबल बढाउँदै लगानी वृद्धि गर्नु र आर्थिक क्रियाकलापमा तीव्रता ल्याउनु, मानव संसाधन विकास गर्नुलाई समेटिएको छ ।

स्रोत र साधनलाई सन्तुलित र समन्यायिक ढङ्गले परिचालन गरी आर्थिक असमानता र गरिबी न्यूनीकरण गर्नु र सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउनुलाई अर्थमन्त्री पुनले बजेटका पाँच उद्देश्य भनेका छन् ।

बजेटका पाँच प्राथमिकतामा आर्थिक सुधार र निजी क्षेत्रको प्रवर्द्धन, कृषि, ऊर्जा, सूचना प्रविधि, पर्यटन, औद्योगिक विकास तथा पूर्वाधार निर्माण रहेको छ ।

>>> पृष्ठ २ मा

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १८ जेठ ।

जनता समाजवादी पार्टी (जसपा) नेपाल र नेकपा एकीकृत समाजवादी पार्टीबीच एकता प्रयास भएको छ ।

मधेश प्रदेशको सरकार जोगाउन जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव नेपाली कांग्रेससहितका विपक्षी दलहरुसँग निरन्तर संवादमा छन्। सरकारमा रहेको एकीकृत समाजवादी पनि विपक्षी गठबन्धनमा रहेका नेताहरुसँग निरन्तर संवादमा छन् ।

नेताहरुका अनुसार एकीकृत समाजवादी पुष्पकमल दाहाल नेतृत्वको सरकारको विकल्प खोज्न तयार भएको छ। यसका लागि आवश्यक राजनीतिक कदम चाल्न तयार भएका बेला जसपा नेपाल फुटेपछि तत्कालका लागि वैकल्पिक सरकार गठनको प्रयास केही पर धकेलिएको छ ।

जसपा नेपाल फुटविरुद्धको मुद्दा सर्वोच्च अदालतमा बिचाराधीन छ। जसपा नेपालको फुटले वैधानिकता नपाएको खण्डमा वैकल्पिक सरकार गठनका लागि आवश्यक कदम चाल्ने तयारीमा कांग्रेसको तयारीमा जसपा नेपाल र एकीकृत समाजवादी समेत रहेको नेताहरु बताउँछन् ।

१२ सांसद सहित संसदमा रहेको जसपा नेपाल फुटेर जसपा बनेको छ । अशोक राईको नेतृत्वमा सात जना सांसदले नयाँ पार्टी दर्ता गरेका छन्। नयाँ पार्टी सरकारमा सहभागी छ । नयाँ पार्टीले प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिएर सरकारमा रहँदा पाँच सांसद रहेको जसपा नेपाल प्रतिपक्षमा रहेको छ ।

आदालतबाट जसपा फुटले वैधानिकता नपाउने विश्वासमा नेताहरु छन् । राजनीतिक दल सम्बन्धी ऐनको दफा फुटाउने सम्बन्धी व्यवस्था सक्रिय नरहेका बेला जसपा फुटेको हो । यही आधारमा जसपा फुटले वैधानिकता नपाउने विश्वासमा रहेका नेताहरु त्यस्तो फैसला भए लगत्तै वैकल्पिक सरकारको तयारीमा रहेको बताउँछन् ।

उपेन्द्र यादव नेतृत्वको जसपा फुटले अदालतबाट वैधानिकता नपाए तत्काल माधव कुमार नेपाल नेतृत्वको नेकपा एकीकृत समाजवादीसँग एकता गर्नेसम्मको तयारीमा नेताहरु छन् । पार्टी फुटले वैधानिकता नपाए उपेन्द्र यादवसँग पुनः १२ सांसद हुनेछन् । एकीकृत समाजवादीसँग १० सांसद छन्। यी दुई दल मिले संघीय संसदमा २२ सिटसहित चौथो शक्ति बन्नेछ ।

एकीकृत समाजवादीका नेताहरु जसपा नेपालसँग पार्टी एकताबारे छलफल चलिरहेको बताउँछन् । अघिल्लो वर्ष समेत यी दुई पार्टीबीच पार्टी एकताको विषयमा छलफल चलेको थियो । फेरि पार्टी एकताको बहस दुई पार्टीका नेताहरु गरिरहेका छन् ।

१८ पुस २०७९ मा बसेको पार्टीको पोलिटब्यूरो बैठकपछि एकीकृत समाजवादीका प्रवक्ता जगन्नाथ खतिवडाले जसपासँग पार्टी एकताबारे छलफल चलेको बताएका थिए । उनले भनेका थिए, 'जसपासँग एकता भयो भने आश्चर्य नमाने हुन्छ। हामी छलफलमै छौं, सकारात्मक छलफल अघि बढेको छ ।'

४ मंसिर २०७९ को प्रतिनिधिसभा निर्वाचनमा दुवै दलले सोचेजस्तो परिणाम नल्याएपछि त्यसबेला एकता प्रयास गरेका थिए । त्यसबेला छलफल भएर ठोस निर्णयमा पुग्न नसकेको एकता प्रक्रिया फेरि अगाडि बढेको हो। यो बेला भने संघीय संसदमा चौथो ठूलो दल बन्ने आकांक्षासहित एकता प्रक्रियाको छलफल चलेको छ । साथै, जसपा फुटे जसरी नयाँ पार्टी फुटका लागि सहज नहुने अनुमान पनि दुवै दलका शीर्ष नेताहरुको छ ।

**वैदेशिक रोजगार विशेष**

### प्रदेशस्तरीय श्रमाधान रोजगार मेला

## विराटनगरमा सम्पन्न, जनकपुरमा शुरु हुँदै

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ जेठ

संघ, प्रदेश र स्थानीय सरकारको संयुक्त आयोजनामा कोशी प्रदेशको विराटनगरमा 'श्रमाधान रोजगार मेला' सम्पन्न भएको छ। देशका सातै प्रदेशमा आयोजना हुने मेलाको उद्घाटन विराटनगरस्थित सिटी प्यालेसमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले गरेका थिए ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले कोशी प्रदेशको श्रमाधान रोजगार मेला सफलतापूर्वक सम्पन्न भएको बताएको छ। जेठ १७ र १८ गते गरी दुई दिन चलेको मेलामा पाँच हजारभन्दा धेरै अवलोकनका लागि आएको मन्त्रालयले बताएको छ । मेलामा करिब २ हजार युवाले रोजगारीका लागि आवेदन दिएका छन् ।

मेलामा रोजगारदाताले स्वास्थ्य क्षेत्रमा ४२ जना र उत्पादनमूलक उद्योगमा २ हजार ४ सय ९५ गरी २ हजार ५ सय ३७ जना दक्ष कामदार माग गरेका थिए। मेलास्थलमै ४० जनाभन्दा धेरैको रोजगारी सुनिश्चित भएको छ भने २ सय ५० भन्दा धेरै आवेदकलाई रोजगारदाताले अन्तर्वार्ताका लागि बोलाएको मन्त्रालयले बताएको छ ।

मेलामा उद्योग प्रतिष्ठानका ३४, रोजगारसम्बन्धी तालिम प्रदायक संस्थाका ७, बैंक तथा वित्तीय संस्था र बीमासम्बन्धी ४ तथा नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, कोशी प्रदेशको सामाजिक विकास मन्त्रालय र विराटनगर महानगरपालिकासहितका स्थानीय तहका रोजगार सूचना केन्द्रसमेत गरी ७ वटा स्टल राखिएका थिए ।

नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशको संयोजनमा भएको मेलाको उद्देश्य आन्तरिक रोजगारीलाई प्रवर्द्धन गर्ने तथा वैदेशिक रोजगारीलाई व्यवस्थित गर्ने रहेको थियो । श्रम मन्त्रालय, कोशी प्रदेशको सामाजिक विकास मन्त्रालय र विराटनगर महानगरपालिका मेलाको आयोजकका रुपमा रहेका थिए। नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्स, नेपाल तालिम तथा रोजगार व्यवसायी महासंघ र होटल संघ नेपाल मेलाको सहआयोजकका

>>> पृष्ठ २ मा

### मलेसियाको विमानस्थल विदेशी कामदारले खचाखच



**तिलोचन गौतम/मध्यान्ह**
क्वालालम्पुर, १८ जेठ

निर्धारित अनुमतिपत्र कोटामा आप्रवासी कामदार प्रवेश पाउने अन्तिम दिन मे ३१ अर्थात शुक्रबार मलेसियाको क्वालालम्पुर अन्तर्राष्ट्रिय विमानस्थल अति व्यस्त रह्यो । मलेसियामा रोजगारीका लागि नेपालसहित सबै स्रोत मुलुकबाट आप्रवासी कामदार पुगेको भएपनि शुक्रबार बंगलादेशी कामदार उल्लेख्य संख्यामा पुगेको यहाँका सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन् ।

मलेसियाले आर्थिक वर्षको अन्त्यसम्ममा विदेशी कामदारको संख्या

>>> पृष्ठ २ मा

## त्रिविको जग्गा खोज्न समिति गठन

त्रिभुवन विश्वविद्यालयको करिब दुई हजार रोपनीमा पहुँचवालाले वर्षौंदेखि रजगज गर्दै आएको विवरणहरु सार्वजनिक हुँदै आएका छन् । यसको खोजबिन गर्ने उद्देश्यले सरकारले समिति बनाएको हो ।

**शिव विक/मध्यान्ह**
काठमाडौं, १८ जेठ ।

त्रिभुवन विश्वविद्यालयको नाममा काठमाडौं उपत्यकाभित्र रहेका जग्गा तथा चलअचल सम्पत्तिको खोजी गर्न समिति गठन भएको छ । गत बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले पूर्वसचिव शारदाप्रसाद त्रितालको संयोजकत्वमा समिति गठन गरेको हो ।



समितिको सदस्यमा पूर्वसहसचिवद्वय महेन्द्रकुमार थापा र जानकीबल्लभ अधिकारी, त्रिविका विज्ञ सदस्य प्रा.डा. प्रेमसागर चापागाईं नियुक्त भएका छन् ।

सरकारको प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माका अनुसार समितिको सदस्यसचिव शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका उपसचिवलाई तोकिएको छ ।

समितिले त्रिविका नाममा विभिन्न ठाउँमा रहेका जग्गामध्ये प्रारम्भिक चरणमा उपत्यकाभित्रको जग्गाको अध्ययन, अनुसन्धान तथा छानबिन गर्नेछ । त्रिविको भवनलगायत अन्य चलअचल सम्पत्तिको खोज तथा लगत संकलन, संरक्षण, उपयोग, व्यवस्थापन र आवश्यक अन्य कार्यका लागि अध्ययन गरी प्रतिवेदन पेस गर्नेछ ।

समितिले त्रिविका नाममा विभिन्न ठाउँमा रहेका जग्गामध्ये प्रारम्भिक चरणमा उपत्यकाभित्रको जग्गाको सम्बन्धमा प्राप्त तथ्यहरुको अध्ययन, अनुसन्धान तथा छानबिनका लागि आवश्यक व्यक्तिहरुसँग सोधपुछ लगायतका कार्य गर्नेछ। भवनलगायत अन्य चलअचल सम्पत्तिको खोज तथा लगत संकलन गर्ने अधिकार पनि समितिले पाएको छ। समितिलाई त्रिविको सम्पत्ति संरक्षण, उपयोग, व्यवस्थापन र आवश्यक अन्य कार्यका लागि अध्ययन गरी ठोस प्रतिवेदन पेस गर्न भनिएको छ ।

त्रिभुवन विश्वविद्यालयको करिब दुई हजार रोपनीमा पहुँचवालाले वर्षौंदेखि रजगज गर्दै आएको विवरणहरु सार्वजनिक हुँदै आएका छन् । त्रिविका प्रध्यापक तथा कर्मचारीलाई समेत दलीय पहुँचका भरमा जग्गा दिइएको छ। उनीहरुले बसपार्क सञ्चालनदेखि गिट्टी बालुवा ठेकेदारलाई समेत भाडामा लगाएर दुरुपयोग गरेको विवरण आएपछि सरकारले छानबिन गर्न लागेको हो ।

सरोकारवालाहरुका अनुसार त्रिविको सम्पत्तिमा उपत्यका बाहिर पनि पहुँचवालाकै रजाइँ चल्दै आएको छ । प्रधानमन्त्री गुहार्दा समेत त्रिविले आफ्नो सम्पत्ति फिर्ता नपाएको गूनासो गर्दै आएको थियो । त्यसलाई सम्बोधन गर्न सरकारले समिति बनाएको हो ।

सरोकारवालाहरुका अनुसार २०४६ सालयता राजनीतिक स्वार्थमा मनपरि बाँडिएको जग्गा फिर्ताका लागि त्रिविले पटक-पटक प्रयास गर्दै आएको छ । तर, सफल हुन सकेको थिएन । अब भने सरकारले समेत समिति बनाएरै छानबिन गर्न लागेको छ।

पदाधिकारी, प्राध्यापक र कर्मचारी संघको

>>> पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
१९ जेठ २०८१, शनिबार
1 June 2024, Saturday

# ओली र नेपालका कारण सुदूरपश्चिम सरकार विस्तार अन्योलमा : मुख्यमन्त्री सोडारी

**सुनिल आउजी/मध्यान्ह**
धनगढी, १८ जेठ



मुख्यमन्त्री नियुक्त भएको एक महिना वितिसक्दा पनि सुदूरपश्चिम प्रदेश सरकारले पूर्णता पाउन सकेको छैन् । पार्टी केन्द्रले आवश्यक निर्देशन नदिदा मुख्यमन्त्री दीर्घबहादुर सोडारीले सरकार विस्तार गर्न नसकेका हुन् । प्रदेश सरकारको बजेट ल्याउने तयारी शुरु भइसक्दा सत्ता गठबन्धनका दुई ठूला दल नेकपा एमाले र नेकपा माओवादी केन्द्र सरकारमा सहभागि भएका छैनन् ।

सरकार विस्तार हुन नसक्दा बजेट निर्माणको समयमा अर्थसहित चारवटा मन्त्रालय मन्त्रीविहीन बनेका छन् । गत ६ जेठमा एकीकृत समाजवादीको संसदीय दलका नेता सोडारी एमाले, माओवादी, नागरिक उन्मुक्ति पार्टी रञ्जिता पक्षका सांसद र एकजना स्वतन्त्र सांसदको समर्थनमा मुख्यमन्त्री बनेका थिए ।

त्यसपछि उनले नागरिक उन्मुक्तिका कैलाश चौधरीलाई भौतिक पूर्वाधार विकासमन्त्री र उन्मुक्तिकै टीका थापालाई भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री नियुक्त गरेका थिए । खासगरी एमालेले सोडारीलाई मुख्यमन्त्री बनाउन चाहेको थिएन । अन्तिम समयमा गठबन्धनमै संकट आउने भएपछि एमालेले सोडारीलाई समर्थन गरेको हो ।

एमाले र समाजवादीकै नेताहरुका अनुसार केपी शर्मा ओली र माधव कुमार नेपालको आपसी इगोका कारण सुदूरपश्चिम प्रदेश सरकारले पूर्णता पाउन नसकेको हो । कतिपय एमाले प्रदेश सांसद सोडारी नेतृत्वको सरकार छिट्टै ढल्ने टिप्पणी समेत गर्दै आएका छन् । एमाले संसदीय दलका नेता राजेन्द्रसिंह रावलले सरकार विस्तारको हुन नसक्नुको कारण मुख्यमन्त्रीसँग माग्न आग्रह गरे ।

दुई मन्त्रालय भागवण्डा भइसकेको अवस्थामा एमाले र माओवादी दुवैको चासो र दाबी प्रदेशको अर्थ मन्त्रालयमा छ । प्रदेशमा एमाले,माओवादीका समान ११/११ सांसद छन् ।

माओवादी केन्द्रका सांसद ओमविक्रक भाट बजेटको महत्वपूर्ण समयमा मन्त्रालय मन्त्रीविहीन हुने कुराले राम्रो सन्देश नगएको बताउँछन् । उनले आज भोलीमै सरकारले पूर्णता पाउनेमा आशावादी रहेको बताए ।

# कतारमा मनाइयो गणतन्त्र दिवस

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १८ जेठ




कतारमा रहेका विभिन्न पाँच राजनीतिक दलका भ्रातृ संगठनको आयोजनामा १७औं गणतन्त्र दिवस मनाइएको छ । प्रवासी नेपाली मञ्च, नेपाली जनप्रगतिशील मञ्च, गैरआवासीय मधेश संघ, नेपाली जनप्रगतिशील मोर्चा र संघीय लिम्बुवान सामाजिक मञ्च कतारले संयुक्तरूपमा एक कार्यक्रमको आयोजना गरी गणतन्त्र दिवस मनाएका हुन् ।

शुक्रबार बिहान आठ बजेको समय निर्धारण गरिए पनि करिब डेढ घण्टा ढिलो दूतावासको सभा हलमा नियोगका प्रथम सचिव कृष्ण कुमार सुवेदीको प्रमुख आतिथ्यता तथा प्रवासी नेपाली मञ्च कतारका सातौं महाधिवेशन संयोजक अफसर अलि खानको सभाध्यक्षतामा कार्यक्रम शुरु भएको थियो । दीप प्रज्वलन, ब्यानर अनावरण, राष्ट्रिय गान र व्यवस्था परिवर्तनका लागि आफ्नो ज्यानको आहुति दिने ज्ञात अज्ञात शहीदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै कार्यक्रमको शुभारम्भ गरिएको थियो ।

कार्यक्रममा बोल्ने क्रममा प्रवासी नेपाली एकता समाज (पानस) कतारका अध्यक्ष तिलक श्रेष्ठले आफ्नो संगठनलाई राजतन्त्रसँग आस्थावान राख्ने नजिरले आयोजकका रूपमा नसमेटेकोमा दु:ख व्यक्त गरे । श्रेष्ठले आफू सामाजिक प्राणी भएको र समाजमै बस्ने हुँदा समाजमा मिल्न खोज्दा पनि नसमेटेको भन्दै सबैको अन्तिम गन्तव्य आर्यघाट रहेको स्मरण गर्न अनुरोध गरे ।

गणतन्त्र प्राप्तिका लागि गरिएका संघर्ष र उपलब्धिका बारेमा चर्चा गर्दै एनसीसी कतारका अध्यक्ष रमेश भट्टले दिवस सोही दिन मनाउन सकिने अवस्थामा पनि मनाउन नसकेकोमा दु:ख व्यक्त गरे । नेपाली दूतावासमा एनसीसीले समन्वय गरेर मनाउने प्रस्ताव पनि विविध कारणले सफल हुन नसकेको उनले बताए ।

मन्तव्यकै क्रममा वक्ताहरूले राजनीतिक पद्धतिमा गणतन्त्र नै उत्कृष्ट रहेको बताउँदै गणतन्त्र स्थापनाका लागि गरिएको योगदान र मर्मअनुसार नै देशले गति लिइरहेको बताए । जहाँ नेपाली त्यहाँ गणतन्त्र दिवस मनाउने वातावरण बनाउन सरकारलाई दबाब दिनुपर्ने वक्ताहरूको भनाइ थियो । आफ्नो शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि सुवेदीले दूतावासले गणतन्त्र दिवस मनाउनका लागि हल उपलब्ध गराउन आनाकानी गरेको आक्षेपप्रति लक्षित गर्दै दूतावास सदैव समाजसँग मिलेर अगाडि बढ्न चाहेको बताए ।

संघीय लिम्बुवान सामाजिक मञ्च कतारकी अध्यक्ष रेखा राईले स्वागत मन्तव्य राखेको कार्यक्रमलाई नेपाली जनप्रगतिशील मञ्च कतारका अध्यक्ष राजेन्द्र देवकोटाले सहजीकरण गरेका थिए । गणतन्त्रका संवाहक हौं भन्ने राजनितिक दलका भ्रातृ संगठन आयोजकमा नरहँदा कस्तो लोकतन्त्र तथा गणतन्त्रको अभ्यास गरेका रहेछन् भनेर पोडीयमबाट देवकोटाले प्रश्नसमेत गरेका थिए ।

कार्यक्रमको समापन गर्दै सभाध्यक्ष खानले सबै वैचारिक संगठन एकै ठाउँमा बसेर गणतन्त्र दिवस मनाउने प्रयास असफल भए पनि अर्को पटक सफल हुने विश्वास व्यक्त गरे । झण्डै ५०९ ईसापूर्वदेखि गणतन्त्रको अभ्यास हुँदै गर्दा नेपालमा गणतन्त्र टिनेजमा प्रवेश गरेको उनले बताए । गणतन्त्र एक दिनको दिवस नरहेको उनको धारणा थियो । उक्त कार्यक्रममा कतारमा स्थापित व्यवसायी, राजनीतिक दलका प्रतिनिधि, विभिन्न सामाजिक संघ संस्थाका प्रतिनिधि, पत्रकार, विभिन्न ओहोदाका व्यक्तिहरूलगायत सर्वसाधारणहरुको उपस्थिति रहेको थियो ।

# पेट्रोल र डिजेलको मूल्य घट्यो



**काठमाडौं/मस–** पेट्रोल, डिजेल र मट्टितेलको मूल्य घटेको छ । नेपाल आयल निगमले शनिबारदेखि लागू हुनेगरी निगमले पेट्रोलमा प्रतिलिटर ३ रुपैयाँ घटाएको छ भने डिजेल र मट्टितेलको मूल्य प्रतिलिटर १ रुपैयाँ घटाएको हो । नयाँ मूल्य अनुसार अब पेट्रोल पहिलो वर्गमा प्रतिलिटर १ सय ६५ रुपैयाँ ५० पैसा पर्ने छ । यस्तै, दोस्रो वर्गमा १ सय ६७ र तेस्रो वर्गमा १ सय ६८ रुपैयाँमा पर्ने छ । डिजेल र मट्टितेल पहिलो वर्गमा १ सय ५० रुपैयाँ ५० पैसामा पर्ने छ भने दोस्रो १५२ र तेस्रो १५३ रुपैयाँ पर्ने छ । हवाई इन्धन र एलपी ग्यासको मूल्य भने यथावत रहेको छ । सरकारले बजेटमार्फत पेट्रोलियम पदार्थमा प्रतिलिटर १ रुपैयाँ हरित कर लगाएको भएपनि भारतबाट मूल्य घटेर आएपछि निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको हो ।

# देशमा भ्रष्टाचार मौलायो: अध्यक्ष नेपाल

**काठमाडौं/मस–** नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले देशमा भ्रष्टाचार मौलाएको बताएका छन् ।



वामपन्थी नेता देवशंकर पौडेलको 'लिखुसँग आत्मसमर्पण' पुस्तकको विमोचन कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष नेपालले नेपालको राजनीति बिग्रनुको प्रमुख कारण नै भ्रष्टीकरण भएको बताएका हुन् ।

नेपालले भ्रष्टाचार नियन्त्रण र उन्मुलन गर्ने कुरामा ध्यान दिएर देशको योजना बनाउनुपर्ने बताए । 'अहिलेको राजनीतिमा सबभन्दा बिग्रेको भनेको भ्रष्टीकरण हो । पार्टीका नेता, कार्यकर्ता र देश सबै भ्रष्टाचारले बिग्रेको हो । समाज पनि विकृति र विसंगतिले बिग्रेको छ,' उनले भने,'यसबाट हामी कसरी उन्मुक्ति पाउने ? कसरी जोगिने कुरामा ध्यान दिनुपर्छ ।' अध्यक्ष नेपालले नेपालको राजनीति सहज ढंगले अघि नबढेको भन्दै राजनीति सहज बनाउन नेपाल र नेपाली जनतालाई केन्द्रविन्दुमा राख्नुपर्नेमा अहिलेका नेताहरुले त्यसो नगरेको बताए ।

अध्यक्ष नेपालले सबैले किताब पढ्ने बानी बसाल्नुपर्ने बताए । नेपालले आफू जेलमा रहँदा अधिकांश समय किताब पढेर समय बिताउने गरेको स्मरण गरे । 'अहिले किताब पढ्ने समय नै मिल्दैन । कहीं गयो की कार्यकर्ताले घेरी हाल्छन् । थुनामा हुँदा धेरै किब पढियो ', अध्यक्ष नेपालले ठट्यौली शैलीमा भने,'थुन्दै थुन्दैनन् अहिले, थुनाउनलाई राजै ल्याउनु पर्ने भयो कि क्या हो ।'

उनले एसएलसीपछि आइकम पढ्न जानुअघि आफुले धेरै किताब पढेको बताए । उनले भने पढ्नुस् पढ्नोस् । अध्ययनले ज्ञानको दायरा बढाउँछ । आफूले अहिले पनि काठमाडौंबाट एकान्त ठाउँमा गयो भने एउटा दुइटा किताब सिध्याउने गरेको भन्दै अहिले काठमाडौंले छुट्टी नै नदिने बताए ।

# हावाहुरीका कारण विद्युत सेवा अवरुद्ध, बालीनालीमा क्षति



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १८जेठ

रौतहटको उत्तरी भेगमा रहेका चन्द्रपुर नगरपालिकामा बिहीबार साँझ आएको हाबाहुरीले दर्जनौं बिजुलीको पोलहरुमा क्षति पुगेको छ ।


हावाहुरीसँगै परेको पानीले बिजुलीको पोलमा क्षति पुग्दा चन्द्रपुर नपा आसपासको क्षेत्रमा विद्युत अवरुद्द भएको हो । हावाहुरीले बिजुलीको पोलमा क्षति पुग्दा रौतहटको चन्द्रपुर नगरपालिको क्षेत्र लगायतका स्थानमा विद्युत अवरुद्ध भएको नेपाल विद्युत प्राधिकरण चन्द्रनिगाहपुर वितरण केन्द्रका प्रमुख धीरेन्द्र यादवले जानकारी दिए ।

शुक्रबार साँझसम्ममा चन्द्रपुरमा विद्युत सेवा सुचारु गर्ने काम भइरहेको प्रमुख यादवले बताए । प्राधिकरण चन्द्रनिगाहपुर वितरण केन्द्रका प्रमुख धीरेन्द्र यादवले चन्द्रपुरको मुख्य बजार क्षेत्रमा मात्र ३० वटा पोल ढलेको बताए । विद्युत सेवा बन्द हुँदा उद्योगहरु, घरेलु उद्योगहरु, एफएम स्टेशन बन्द भएका छन् ।

खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले सूचना निकालेर खानेपानी अवरुद्ध भएको जनाएको छ । हावाहुरीले विद्युत अवरुद्ध हुन गइ उपभोक्ताहरुमा परेको असर प्रति खानेपानी कार्यालयले क्षमा मागेको छ । हावाहुरीले बालीनालीमा करौडौंको क्षति गरेको किसानहरुले बताएका छन् ।

# विपद्बाट जोगिन टोकियोमा विदेशीलक्षित पूर्वाभ्यास कार्यक्रम हुँदै

**टोकियो/मस–** भूकम्प गइरहने देशको चिनारी पाएको जापानको राजधानी टोकियो आसपासलाई केन्दबिन्दु पारेर निकट भविष्यमा ठूलो भूकम्प जाने भूकम्पविद्हरुको प्रक्षेपण छ । प्राकृतिक प्रकोपलाई रोक्न नसकिएता पनि त्यसबाट हुने क्षतिलाई कम गर्न भने अवश्य सकिन्छ । तर त्यसका लागि पूर्व तयारी र उच्च सतर्कता भने अवश्य जरुरी हुन्छ ।



त्यसैका लागि वर्षोनी ठूलो बजेट खर्च गरेर जापान सरकारले मातहतका विभिन्न निकायहरुमार्फत त्यससम्बन्धी सचेतनामूलक अभिमुखीकरण कार्यक्रम गर्दै आएको छ । यसै सन्दर्भमा टोकियो महानगरीय सरकारले यहाँ रहेका विदेशीहरुलाई लक्षित गरी प्राकृतिक प्रकोपजन्य घटनाबाट कसरी बच्न सकिन्छ र यसबाट हुने क्षतिलाई कसरी न्यूनीकरण गर्न सकिन्छ भन्ने उद्देश्यले डिजास्टर एक्स्पेरिमेन्ट इभेन्टका रुपमा एक सचेतनामूलक कार्यक्रम गर्ने भएको छ ।

उक्त कार्यक्रम आगामी जुन २३ तारिक आइतबार हुने बताइएको छ । नेपाली र भियतनामी भाषाका सहकजकर्ताको सुविधासमेत रहेको सो कार्यक्रम बिहानी र अपराह्न गरी दुई सत्रमा विभाजन गरिएको छ । बिहानीको सत्र १०:५५ बजेदेखि १२:१५ बजेसम्म हुनेछ भने अपराह्नको सत्र १४:४५ देखि १६:०५ बजेसम्म हुने बताइएको छ । बिहानीको सत्रका लागि रिसेप्शन १०:३० बजेबाट खुला हुनेछ भने अपराह्नको सत्रका लागि १४:२० बजेबाट खुला हुने जनाइएको छ । होन्जो बोसाइखान-४-६-६ योकोगवा, सुमिदा-कु, टोकियो १३-०००३ मा हुन गइरहेको उक्त कार्यक्रममा भाग लिनका लागि आगामी जुन १६ तारिक आइतबारसम्ममा अनिवार्य आफ्नो नाम दर्ता गराउनुपर्ने छ ।

विज्ञहरुका अनुसार टोकियो आसपासका क्षेत्रलाई केन्द्रबिन्दु बनाइ निकट भविष्यमै ठूलो भूकम्प जाने प्रक्षेपण गरिएको छ । त्यसप्रकारका प्रकोपबाट आफू पनि बच्न र अरुलाई पनि बचाउँदै जतिसक्दो क्षति कम गर्नेबारे व्यवहारि करुपमै सिकाउने उद्देश्यले विदेशीहरुलाई लक्षित गरी आयोजना गर्न लागिएको उक्त नि:शुल्क कार्यक्रममा सहभागी हुन टोकियो महानगरीय सरकारले सबैलाई आग्रह गरेको छ ।

कार्यक्रममा भूकम्पको धक्काको महसुस गराइनुका साथै, भूकम्पपश्चात हुने सम्भावित आगलागीबाट बच्न, बचाउन, आगो निभाउन वा धुँवाको मुस्लो छल्दै भाग्न सिकाइने छ । यसैगरी भूकम्पपश्चात सम्भावित सुनामी वा बाढीबाट ज्यान जोगाउन सुरक्षित स्थानतर्फ भाग्न पनि सिकाइने छ ।

एक सत्रमा जम्मा २० जना सहभागीले भाग लिन सक्ने सो कार्यक्रममा सहभागीहरुलाई आयोजक महानगरपालिकाले उपहार पनि दिने बताइएको छ । सहभागीहरुको संख्या क्षमताभन्दा बढी भएमा गोलाप्रथाबाट सहभागी छनोट गरिने बताइएको छ । टोकियो महानगरीय क्षेत्रमा ५ लाख ८० हजार विदेशीहरु रहेको र उनीहरुप्रति लक्षित यस प्रकारका सचेतनामूलक कार्यक्रम नियमित गर्ने योजना रहेको आयोजकको भनाइ छ ।

# स्टिलजन्य सामग्रीमा भएको मूल्य वृद्धिले निर्माण व्यवसायी मर्कामा : अध्यक्ष भुसाल

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १८ जेठ



निर्माण व्यवसायीहरुको अरबौं भुक्तानी नहुँदा मुलुकको समग्र निर्माण उद्योग नै धरासायी भइरहेका बेला निर्माण उद्योगमा प्रयोग हुने स्टिलजन्य सामग्रीहरूको मूल्यवृद्धि भएको प्रति नेपाल निर्माण व्यवसायी अर्घाखाँचीले आपत्ति जनाएको छ ।

संघका संघका जिल्ला अध्यक्ष युवा व्यवसायी वसन्त भुसालले विज्ञप्ति जारी गर्दै स्टिलजन्य सामग्रीको उत्पादनसँग सम्बन्धित डलर इन्धन लगायतका कुनैपनि वस्तुमा मूल्यवृद्धि नहुँदा लोडसेडिङलाई कारण देखाइ मूल्यवृद्धि गरिनु अनुचित भएको उल्लेख गरेका हुन् । निर्माण कार्य तीव्र गतिमा हुने अहिलेको सिजनमा खुल्ला अर्थतन्त्रको नीति विपरीत स्टिल उद्योगीहरुले कार्टेलिङ गरी प्रति केजीमा रु. १५ देखि २० सम्म अव्यवहारिक एवं अवैज्ञानिक मूल्यवृद्धि गरेको पाइएको विज्ञप्तिमा भुसालले उल्लेख गरेका छन् ।

केही समय अघिसम्म प्रति केजी रु. ८० मा पाइने स्टिलको मूल्य २०८१ जेठ पहिलो साता आइपुग्दा रु. १०० पुग्दा निर्माण व्यवसायीहरू चर्को आर्थिक मारमा परेको भुसाल हस्ताक्षर गरेको विज्ञप्तिमा उल्लेख छ । विगतमा पनि स्टिलजन्य सामग्रीको माग बढ्ने समयमा कार्टेलिङ गरी पटक-पटक भएको यस किसिमको मूल्यवृद्धिको कारण अन्ततः पूर्वाधार खर्च बढ्न गइ नेपाल सरकारका सार्वजनिक निकायहरुलाई नै आर्थिक भार परेको निर्माण व्यवसायी संघले स्मरण गराएको छ ।

हाल स्टिलजन्य सामग्रीमा कालोबजारीमार्फत् भएको मुल्यवृद्धि नियन्त्रण गरी निर्माण व्यवसायी लगायत आम उपभोक्तालाई राहत दिन अर्घाखाँची संघले जोडदार माग गर्दै कालोबजारी गर्नेमाथि कानून बमोजिम आवश्यक कारवाही गर्न समेत सम्बन्धित निकाय समक्ष माग गरेको छ ।

### प्रदेशपिच्छे...

शिक्षा, स्वास्थ्य लगायत सामाजिक क्षेत्रको विकास, समावेशिता र सामाजिक सुरक्षा, र सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहमा सुधारलाई बजेटका पाँच प्राथमिकतामा समेटिएको छ ।

आर्थिक सुधारका पाँच रणनीतिमा संरचनागत सुधार, व्यावसायिक वातावरण सुधार, सार्वजनिक वित्त प्रणाली सुधार, वित्तीय क्षेत्र सुधार र सार्वजनिक प्रशासनमा सुधारलाई राखिएको छ ।

संरचनागत सुधार अन्तर्गत राष्ट्रिय अर्थतन्त्रको सम्भाव्यता विश्लेषणको आधारमा आर्थिक वृद्धिका प्रमुख सम्वाहक क्षेत्र पहिचान गरी उच्च दरको आर्थिक वृद्धि हासिल गर्ने भनिएको छ । यसका लागि एकीकृत आर्थिक कोरिडोर विकास, डिजिटल अर्थतन्त्रको विस्तार र हरित अर्थतन्त्रको आधार निर्माण गर्न नयाँ चरणको आर्थिक सुधार कार्यक्रम अघि बढाइनेछ ।

यस सम्बन्धमा सिफारिश गर्न एक उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग गठन गर्ने घोषणा बजेटमा छ ।

व्यावसायिक वातावरण सुधार अन्गर्तत उद्योग र लगानी सम्बन्धी कानून परिमार्जन, नीतिगत स्थायित्व एवं लगानी सुरक्षाको प्रत्याभूति, कन्ट्री रेटिङ, द्विपक्षीय लगानी र दोहोरो करमुक्ति सम्झौत ागर्ने भनिएको छ ।

प्रविधि हस्तान्तरण वापत विदेशमा लैजान पाउने सेवा शुल्कको सीमा वृद्धि, विदेशमा प्रविधि हस्तान्तरण गरी आर्जित आयलाई निश्चित सीमासम्म पुनर्सविदेशमा लगानी गर्न पाउने व्यवस्था समेटिएको छ । स-सानो पुँजी संकलन गरी उद्यम तथा पूर्वाधार विकासमा लगानी गर्ने कम्पनी स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरी व्यावसायिक वातावरणमा सुधार गर्ने घोषणा गरिएको छ ।

वित्तीय क्षेत्र सुधार अन्तर्गत वित्तीय क्षेत्र विकास रणनीति तर्जुमा एवं कार्यान्वयन, डिजिटल भुक्तानीको प्रवर्द्धन, केन्द्रीय बैंक डिजिटल करेन्सी तयारी, औपचारिक क्षेत्रमा आर्थिक गतिविधिको विस्तारको विषय छ । हरित वित लगायतका नवीनतम् वित्तीय उपकरणको उपयोग गर्ने गरी वित्तीय क्षेत्र सुधारका कार्यक्रम अगाडि बढाइने भनिएको छ ।

सार्वजनिक प्रशासनमा सुधार अन्तर्गत सार्वजनिक प्रशासनको संरचनागत, कार्यात्मक र व्यवहारगत सुधार एवं सेवा प्रवाहमा सूचना प्रविधिको अधिकतम उपयोग गरी सार्वजनिक क्षेत्रमा सुशासन प्रवर्द्धन गर्ने भनिएको छ ।

आगामी आर्थिक वर्ष सार्वजनिक उत्तरदायित्व र स्वार्थको द्वन्दसम्बन्धी कानून तर्जुमा गर्ने घोषणा पनि बजेटमा छ । बजेटका पाँच रूपान्तरणकारी क्षेत्र अन्तर्गत पहिलो नम्बरमा कृषि क्षेत्रलाई राखिएको छ । त्यसपछि ऊर्जा क्षेत्र विकास, सूचना प्रविधि विकास, पर्यटन प्रवर्द्धन, र उद्यमशीलता र औद्योगिक विकासलाई बजेटका पाँच रूपान्तरणकारी क्षेत्र अन्तर्गत समेटिएको छ ।

सरकारको निरन्तर प्रयासबाट मुलुकको अर्थतन्त्र सुधार हुँदै गएको दाबी गर्दै अर्थ मन्त्रालयले 'सुखी नेपाली, समृद्ध नेपाल'को राष्ट्रिय आकाक्षा पूरा गर्न समेत प्रदेशअनुसार विशिष्ठिकृत आर्थिक विकासको अवधारणा अगाडि सारिएको बताएको छ ।

### त्रिविका...

मिलेमतोमा दुई हजार रोपनीभन्दा बढी जग्गा बाँडिएको विवरण आउँदा समेत सरकार मौन रहेको भनेर आलोचना हुने गरेको थियो । त्रिविको जग्गामा अहिले प्रहरी चौकी, निजी स्कुल, पेट्रोलपम्पदेखि धार्मिक संस्थासम्मका १८ वटा संस्था रहेको बताइन्छ । विश्वविद्यालयले आफ्नो जग्गा फिर्ताका लागि पटक(पटक ताकेता गर्दा पनि ती संस्थाले अटेरी गर्दै आएका छन् ।

त्रिविको जग्गामा भएको अनियमितताबारे छानबिन गर्न यसअघि शिक्षा मन्त्रालयले पनि चासो देखाएको थियो । नेपालमा उच्च शिक्षा सञ्चालनका लागि तत्कालीन सरकारले २०१३ सालमा कीर्तिपुरमा तीन हजार ७०३ रोपनीभन्दा बढी जग्गा अधिग्रहण गरे दिएको थियो ।

त्रिविअन्तर्गत ६२ आंगीक क्याम्पसहरु छन् । तिनीहरु कतिपयले पूर्वाधार अभावको समस्या बेहोरिरहेका छन् । त्यसैले देशका अन्य भागमा रहेकासहित त्रिविका सम्पत्तिको अवस्थाबारे समग्र छानबिन गर्नुपर्ने निष्कर्षमा सरकार पुगेको हो ।

### प्रदेशस्तरीय...

रुपमा रहेका छन् । देशका सातै प्रदेशमा हुने श्रमाधान रोजगार मेला बागमती प्रदेशको ललितपुरमा जेठ ३० गते समापन हुनेछ ।

अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ), सुरक्षित आप्रवासन सूचना तथा परामर्श केन्द्र (सामी) र वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिको पुन:एकीकरण परियोजना (रेमी)ले पनि मेलामा विशेष सहयोग गरेको मन्त्रालयले जनाएको छ ।

शनिबारदेखि मधेश प्रदेशमा शुरु हुँदैछ । आइतबारसम्म हुने मेलाको तयारी पूरा भएको छ । मधेश प्रदेशको जनकपुरधाममा हुने मेलाको उद्घाटन श्रममन्त्री डोलप्रसाद (डिपी) अर्यालले गर्ने तयारी छ ।

मेलामा श्रम तथा रोजगारसँग सम्बन्धित सरकारी निकायको स्टल, रोजगारदाता, म्यानपावर व्यवसायी, विभिन्न सामाजिक संस्थाहरूलगायत ३५ भन्दा बढी स्टलहरू रहने श्रम मन्त्रालयका उपसचिव एवम् मेलाका मधेश प्रदेश संयोजक दिपेन्द्र पौडेलले बताए । मेला जनकपुरधाम उद्योग वाणिज्य संघको सभा हलमा हुनेछ ।

### मलेसियाको...

कूल कामदारको १५ प्रतिशतभन्दा बढी नहुने नीति लिएको बताएको छ । मलेसियाको अर्थ मन्त्रालयले राष्ट्रिय श्रमशक्तिको १५ प्रतिशतभन्दा बढी विदेशी कामदार हुन नहुने प्रक्षेपण शुक्रबार मध्यरातिको समय सीमासम्ममा पूरा हुने अपेक्षा गरिएको बताएको छ ।

गृहमन्त्री दतुक सेरी सैफुद्दीन नासुशन इस्माइलले हाल ३ करोड ४० लाख मलेसियाली जनसंख्यामध्ये १ करोड ७१ लाखलाई सक्रिय श्रमशक्तिको हिस्सा मानिएको बताएका छन् । गृहमन्त्री इस्माइलले विदेशी कामदारको सीमामा कूल कामदारको १५ प्रतिशत पुग्ने विषयमा आफूले मानव संशाधन मन्त्री स्टिभन सिम ची केओङसँगको संयुक्त समितिको बैठकमा समीक्षा गरेको बताएका छन् ।

मानव संशाधन मन्त्रीसँगको समीक्षामा विदेशी कामदारको एप्रुभल र प्रवेशमा रोक लगाउने निर्णय तत्कालका लागि कायमै रहने पक्षमा दुबै मन्त्रीको एउटै धारणा रहेको उनले बताएका छन् । यसले तत्कालै नयाँ एप्रुभल नखुल्ने विश्लेषणलाई बल पुर्‍याएको छ । नेपाली कामदारको प्रमुख गन्तव्य मलेसियामा नयाँ एप्रुभल नखुलेको अवस्थामा नेपाल त्यसको प्रत्यक्ष मारमा पर्ने आंकलन गरिएको छ ।

गृहमन्त्री इस्माइलले यसै वर्षदेखि ६० वर्षभन्दा माथिका विदेशी डुंगाका कप्तानलाई पहिलो पटक रोजगारी दिने सहमति भएको बताएका छन् । पाको उमेरका डुंगाका कप्तानसँग महत्वपूर्ण अनुभव रहेको र माछा मार्ने क्षेत्रबाट वार्षिक १६ अर्ब ५० करोड रिंगेटको योगदान हुने भएकाले यस्तो निर्णय गरिएको उनले बताएका छन् ।

**ताप्ली गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
रुपाटार, उदयपुर
कोशी प्रदेश, नेपाल

**ताप्ली गाउँपालिकाको जनहितमा जारी सन्देश**

- घर निर्माण गर्नु अगाडि अनिवार्य रूपमा नगरपालिकाबाट नक्सा पास गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी गराउने सम्बन्धमा कुनै सम्झौता नगरौं ।
- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधार भूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- आफ्नो टोल बस्तीमा हुने विकासका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरुक बनौं ।
- घरमा उत्पादन हुने फोहोरलाई कुहिने र नकुहिने छुट्याएर राखौं । कुहिने फोहोरबाट घरमै मल निर्माण गरौं ।
- हाम्रो टोल, बस्तीको सफाईले हाम्रो सभ्यताको परिचय दिन्छ । आफ्नो घर, टोल र सार्वजनिक क्षेत्र सदैव सफा राखौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर नगरपालिकामा बुझाउने गरौं ।
- नगरबासीको नाताले खुल्ला स्थानमा दिशा गर्नु लाजमर्दो काम हो । तसर्थ सबैले शौचालय निर्माण गरी प्रयोग गरौं ।
- नगरपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासो देखाउनु हुन्छ, नगरपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- सडक छेउ किनारामा निर्माण सामग्रीहर नराखौं ।
- घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरु गरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरुवा रोपौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।

# सोरुका तत्कालीन प्रमुख प्रशासकीय अधिकृतसहित आठ जनाविरुद्ध भ्रष्टाचार मुद्दा



**काठमाडौं / मस-** मुगुको सोरु गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्र मल्लसहित आठ जनाविरुद्ध भ्रष्टाचारसम्बन्धी मुद्दा दायर भएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उनीहरूविरुद्ध शुक्रबार विशेष अदालतमा आरोप-पत्र दायर गरेको हो ।

आयोगले मल्लसहित गाउँपालिका इन्जिनियर प्रकाश आचार्य र असिस्टेन्ट सब इन्जिनियर विक्रम बुढा, वडा नम्बर ७ का तत्कालीन वडा अध्यक्ष राजेन्द्र बुमी, अनुगमन समिति संयोजक दलवीर सार्की, दाक्चख्याल्च सडक निर्माण श्रम समितिका अध्यक्ष हस्तबहादुर बुमी, कोषाध्यक्ष धौली कामी र सचिव केवल बुढाविरुद्ध मुद्दा दायर गरेको हो ।उनीहरूविरुद्ध सोरु गाउँपालिका-७ अन्तर्गत दाक्च-ख्याल्च सडक निर्माणका क्रममा आर्थिक अनियमितता गरेको अभियोग छ । उनीहरूले नापी किताबमा गलत विवरण उल्लेख गरेर कार्यसम्पन्न प्रतिवेदन तयार पारी वास्तविक कामभन्दा १३ लाख ७२ हजार ३४० बढी भुक्तानी लिएरदिएको अनुसन्धानका क्रममा पुष्टि भएको आयोगको दाबी छ । आयोगले उनीहरूविरुद्ध १३ लाख ७२ हजार ३४० रुपैयाँ बिगो कायम गरी कैद र बिगोबमोजिम जरिवानाको मागदाबीसहित विशेष अदालतमा मुद्दा दायर गरेको हो ।

### घुससहित दुई जना सव-इन्जिनियर पक्राउ

काठमाडौंबाट घुससहित दुई जना सव-इन्जिनियर पक्राउ परेका छन् । पर्यटन विकास आयोजना इकाई कार्यालयका सव-इन्जिनियरद्वय राजन कुमार भट्टराई र संजय अर्याल शुक्रबार पक्राउ परेका हुन् । निर्माण कार्य सम्पन्न पश्चात अन्तिम बिल भुक्तानी गर्ने प्रयोजनका लागि उनीहरुले सेवाग्राहीसँग घुस मागेको उजुरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेको थियो ।

सोही आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको केन्द्रीय कार्यालयबाट खटिएको टोलीले निज दुबै जनालाई १७ हजार रुपैयाँ घुस लिइसकेको अवस्थामा उनीहरुकै कार्यकक्षबाट नियन्त्रणमा लिइएको अख्तियारले विज्ञप्तिमार्फत जानकारी दिएको छ । उनीहरुमाथि अनुसन्धान भइरहेको अख्तियारको भनाइ छ ।

# अत्यधिक गर्मी बढेपछि दाङका विद्यालय बन्द

**सपना बोहरा / मध्यान्ह**
दाङ, १८ जेठ



दाङमा अत्यधिक गर्मी बढेपछि विद्यालयहरु बन्द गरिएको छ । गर्मिका कारण विद्यार्थी बिरामी पर्न थालेपछि दाङका विद्यालयहरु बन्द गरिएको हो । गर्मीका कारण बालबालिकाहरुमा बेहोस हुने, टाउको दुख्ने, पेट दुख्ने, ज्वरो आउनेजस्ता समस्या देखिन थालेपछि अभिभावकहरुले नै विद्यालय बन्द गर्न सुझाव दिएका थिए ।

स्थानीय तहले भौगोलिक तापक्रम अनुसार विद्यालय बन्द गर्ने निर्णय गर्ने गरेको छ । बर्खे तथा अन्य बिदा कट्टी हुने गरी घोराही उपमहानगरपालिकाभित्रका विद्यालयहरुमा पाँच दिन बिदा दिने निर्णय गरिएको । सामाजिक विकास महाशाखाले एक सूचना जारी गरी विद्यालय पाँच दिन बन्द रहने जनाएको छ।१८ गतेदेखि २२ गतेसम्म सामुदायिक तथा संस्थागत विद्यालय बन्द रहने महाशाखाले जनाएको छ । त्यस्तै बबई गाउँपालिकाले जेठ १८ देखि अर्को सूचना जारी नगर्दासम्म, तुलसीपुर उपमहानगरपालिका, दंगीशरण र शान्तिनगर गाउँपाललिकाले जेठ १८ देखि २२ गतेसम्म, लमही नगरपालिका, राप्ती गाउँपालिका र राजपुर गाउँपालिकाले जेठ १७ र १८ गते तथा गढवा गाउँपालिकाले जेठ १७ देखि २० गतेसम्म विद्यालय बन्द गर्ने निर्णय गरेका छन्। दाङमा २०७० सालपछि अहिलेसम्मकै धेरै अधिकतम तापक्रम ४०.२ डिग्री सेल्सियस मापन गरिएको जल तथा मौसम विज्ञान कार्यालय घोराहीले जनाएको छ ।

# अब यातायातसम्बन्धी सम्पूर्ण सेवा मलंगवाबाटै



**कृष्ण परियार / मध्यान्ह**
मलंगवा, १८ जेठ

मधेश प्रदेशमा यातायात व्यवस्था कार्यालय मलंगवा सर्लाहीमा नयाँ यातायात कार्यालय सञ्चालनमा आएको छ । नयाँ कार्यालय सञ्चालनमा आएसँगै स्थानीय सेवाग्राहीहरु यातायात व्यवस्था कार्यालय जनकपुरधाम र यातायात व्यवस्था कार्यालय बर्दिवास, महोत्तरी, वीरगञ्ज पर्सामा धाउनुपर्ने बाध्यता हटेको छ ।

यातायात कार्यालय मलंगवा, सर्लाहीमा कार्यालय खुलेपछि सर्लाहीबाट नजिक पायक पर्ने दुरीमा रहेको यातायात जनकपुरधाम धनुषा १०५ किलो मिटर र यातायात व्यवस्था कार्यालय बर्दिवास, महोत्तरी ४६ किलोमिटर जान नपर्ने कार्यालय प्रमुख राकेश यादवले बताए ।

उनका अनुसार कार्यालयबाट सवारी चालक अनुमति पत्र जारी तथा नवीकरण, सवारी किताब दर्ता तथा नवीकरण, रुट परमिट लगायत लाइसेन्स वितरण अब सम्पूर्ण सेवा सुचारू भएको छ ।

यातायात व्यवस्था कार्यालय मलंगवा सर्लाहीमा यहि मिति २०८०-०८-२७ बाट शुरु भएको कार्यालयले चैत मसन्ताको अन्तिम दिनसम्म रातिको १० बजेसम्म बसी सवारी बिलबुक लाइसेन्स नवीकरणबाट ४ करोड २६ लाख राजस्व संकलन गरेको यादवले बताए । यातायात व्यवस्था कार्यालय मलंगवा ,सर्लाहीमा यहि जेठ १ गतेदेखि सवारी चालक अनुमती पत्रको नयाँ तथा थप वर्गको लागि अनलाइन आवेदन खुलेको हो ।

अहिले कार, मोटरसाइकल, स्कुटर, टेम्पो इ-रिक्सा ट्रेक्टर र डोजर जेसीबीको मात्र लाइसेन्स दिन वितरण गर्न थालिएको छ । अन्य वर्गका लाइसेन्सहरु पनि छिट्टै वितरण गरिने प्रमुख यादवले बताए ।

मधेश प्रदेशका आठ जिल्लाहरुमध्ये यातायात व्यवस्था कार्यालय जनकपुरधाम, यातायात व्यवस्था कार्यालय लहान, सिरहा, यातायात व्यवस्था कार्यालय वीरगञ्ज, पर्सा, यातायात व्यवस्था कार्यालय राजविराज, सप्तरी, यातायात व्यवस्था कार्यालय बर्दिवास, महोत्तरी, यातायात व्यवस्था कार्यालय रौतहट, यातायात व्यवस्था कार्यालय मलंगवा, सर्लाही, यातायात व्यवस्था कार्यालय बारा, कलैयामा रहेका छन् ।

सर्लाहीमा सातौ कार्यालयको रूपमा यातायात व्यवस्था कार्यालय खुलेको हो । कार्यालय सञ्चालनमा आएदेखि हालसम्म लगभग ३५० जनालाई लाइसेन्स वितरण गरिएको कार्यालय प्रमुख राकेश यादवले बताए । सेवाग्राहीहरुको सुविधा हुने गरी काम गर्ने गरिएको प्रमुख यादवको भनाइ छ ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AYED BIN AWAD RASHIDI TRADING EST. — शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०८१/०२/१८ — चलानी नं.: ६०२२०३६१ — LT. No.: 305629

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ६३,८४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ जेठ २६ गते (8 June 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Rays Recruitment Pvt. Ltd.
Tokha Road, Mahalaxmi Marg-5 | Bashundhara, Kathmandu, Nepal
P.O. Box: 25046, Tel.: 01-4380343, 01-4388579
E-mail: raysrecruit@gmail.com | Website: www.rays-recruitment.com
Gov. Lic. No.: 787/065/066


## पूर्वाधार विकास कार्यालय
### विराटनगर, मोरङ

### पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

सडक हामी सबैको साझा सम्पति हो। यस सम्पतिको प्रयोग गर्ने अधिकार हामी सबैलाई रहेको छ । सडक, मोटरेवल पुल तथा झोलुङ्गे पुल जस्ता भौतिक संरचनाहरूको संरक्षण गर्नु हामी सबैको दायित्व हो । कोशी प्रदेश सरकारको लगानीमा निर्मित यी संरचनाहरू थोरै लगानीको मर्मत सम्भारले भैरै समय सम्म टिकाउ र प्रयोग योग्य रहनेछ । तपाई हाम्रो सानो सहयोग, प्रयास र सूचनाले महत्वपूर्ण भूमिका खेल्नेछ ।

**त्यसैले :**

- सडक अतिक्रमण गरी सडकको केन्द्र विन्दुबाट Right of Way को क्षेत्राधिकारभित्र कुनै पनि स्थायी तथा अस्थायी संरचनाको निर्माण नगरौं ।
- सम्बन्धित निकायको अनुमतिविना कुनै पनि शाखा सडक निर्माण नगरौं ।
- भवन लगायतका पूर्वाधार निर्माण सम्बन्धमा स्थानीय तहले जारी गरेको मापदण्ड पूर्णरुपमा पालना गरौं ।
- सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
- निर्माण तथा व्यापारिक सामग्रीहरु सडक तथा फुटपाथमा नराखौं ।
- विभिन्न निर्माण कार्यहरुको समयमा नालीलाई नपुरिने गरी निर्माणकार्य गरौं र पुरिएको खण्डमा पानीको प्रवाहलाई सडकमा नआउने गरी व्यवस्थापन गरौं साथै कार्य सकिएपछि नाली सफा गरौं ।
- सडकमा सवारी साधन धुने र पखाल्ने नगरौं ।
- बाढीपहिरो तथा अन्य कारणबाट सडक संरचनाहरु अबरूद्ध एवम् क्षति भएमा सम्बन्धित निकायमा तुरून्त खबर गरौ ।
- सडकमा घरपालुवा चौपायाहरु बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-बायाँ रूख विरुवा रोपौ ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादि निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकाको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरूले माटो बालुवा,
- गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ-बायाँमा क्षति हुने कुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाईं हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवाश निर्माण गरौं ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिश्चित गर्नु हो ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधिकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुलपुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिमरहित पूर्वाधार सेवा प्राप्ति नागरिक अधिकार ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी
- विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।

## चौरजहारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

### ठेक्का स्वीकृतिको आशयको सूचना

**प्रकाशित मितिः २०८१।०२।१९**

प्रस्तुत बिषयमा मिति २०८१।०१।२७ गते यस कार्यालयवाट प्रकाशित वोलपत्र आब्हानको सूचना बमोजिम रितपूर्वक दर्ता हुन आएका वोलपत्रहरुको वोलपत्र मुल्यांकन समितिबाट तपसिल वमोजिम वोलपत्र न्यूनतम मूल्याङ्कनको आधारमा सारभुत रुपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम ७ (सात) दिने आशयको सूचना सम्वन्धित सवैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

| क्र. सं | ठेक्का नं. | आयोजनाको नाम र स्थल | सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाता वा फमको नाम र ठेगाना | कबोल अंक (मु.अ.क. सहित) |
|---|---|---|---|---|
| 1 | CJM/GOODS /SBQ/ 13/080/081 | Procurement of Supply and Delivery Electric Stove Set (Electric Stove, 26 Cm karai & 3 Litre Pressure Cooker for Chaurjahari Municipality Rukum West) | Siru Vai I.C.E. T. Pvt. Ltd, Ramgram-3, Parasi | 11,05,140.00 NPR |

**नि. प्रमुख प्रशासकीय अधिकृत**

## धनगढीमाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
धनगढी, सिराहा
मधेश प्रदेश, नेपाल

### धनगढीमाई नगरपालिकाको जनहितमा जारी सन्देश

- घर निर्माण गर्नु अगाडि अनिवार्य रूपमा नगरपालिकाबाट नक्सा पास गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी गराउने सम्बन्धमा कुनै सम्झौता नगरौं ।
- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरू अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- आफ्नो टोल बस्तीमा हुने विकासका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरूक बनौं ।
- घरमा उत्पादन हुने फोहोरलाई कुहिने र नकुहिने छुट्याएर राखौं । कुहिने फोहोरबाट घरमै मल निर्माण गरौं ।
- हाम्रो टोल, बस्तीको सफाईले हाम्रो सभ्यताको परिचय दिन्छ । आफ्नो घर, टोल र सार्वजनिक क्षेत्र सदैव सफा राखौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो। तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर नगर पालिकामा बुझाउने गरौं ।
- नगरबासीको नाताले खुल्ला स्थानमा दिशा गर्नु लाजमर्दो काम हो। तसर्थ सबैले शौचालय निर्माण गरी प्रयोग गरौं ।
- नगरपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं। तपाईले जति बढी चासो देखाउनु हुन्छ, नगरपालिका त्यति धेरै जनउत्तर दायी बन्दछ ।
- सडक छेउ किनारामा निर्माण सामग्रीहर नराखौं । • घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरु गरौं ।
- कर समयमै तिरौं । • सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं । • बालश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरुवा रोपौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- बालश्रमको प्रयोग नगरौं । नगरपालिकालाई बालश्रममुक्त नगर बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्ष दिक्षमा ध्यान दिऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीहरुमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा यस पालिकालाई सहयोग गरौं। सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।
- स्वस्थ रहन सरसफाईमा ध्यान दिऔं । आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं ।
- शौचालयमा दिसा, पिसाव गरेपछि साबुन पानीले हात धुने बानी बसालौं, जसबाट महामारीका रूपमा आउने रोगबाट बचौं ।
- हरेक गर्भवतीले नजिकको स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गरौं । २ वर्ष मुनीका बच्चाहरुलाई नजिकको स्वास्थ्य संस्थामा लगेर मासिकरुपमा नियमित तौल लिने गरौं। कम तौल र कुपोषण हुनबाट बचाऔं ।

### काठ बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

**सूचना प्रकाशन मिति : २०८१/०२/१९ गते**

श्री हरियाली सामुदायिक वन उपभोक्ता समूह, दुधौली न.पा.-११, सिन्धुलीको सामुदायिक वनबाट उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्धीमा राखिएको खयर जातको गोलिया काठ ९३४ थानको १०३२.२ क्यूफिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्धीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक सुचिकृत व्यवसाय, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराका सूचना यस श्री हरियाली सामुदायिक वन उपभोक्ता समूहको कार्यालय, दुधौली न.पा.-११, सिन्धुली, डिभिजन वन कार्यालय, सिन्धुलीको सूचना पार्टीमा टाँस गरिएको छ ।

**श्री हरियाली सामुदायिक वन उपभोक्ता समूह**
**दुधौली न.पा.-११, सिन्धुली**

### काठ बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

**सूचना प्रकाशन मिति : २०८१/०२/१९ गते**

श्री शितली सामुदायिक वन उपभोक्ता समूह, दुधौली न.पा.-११, सिन्धुलीको सामुदायिक वनबाट उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्धीमा राखिएको खयर जातको गोलिया काठ ३३२ थानको ६९२.५१ क्यूफिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्धीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक सुचिकृत व्यवसाय, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराका सूचना यस श्री शितली सामुदायिक वन उपभोक्ता समूहको कार्यालय, दुधौली न.पा.-११, सिन्धुली, डिभिजन वन कार्यालय, सिन्धुलीको सूचना पार्टीमा टाँस गरिएको छ ।

**श्री शितली सामुदायिक वन उपभोक्ता समूह**
**दुधौली न.पा.-११, सिन्धुली**




कथा

# पोखराको टकिला !



■ ओम बस्नेत

“ बारमा हेरेको सानो सिसीबाट एक तालमा स्वाट्ट पारेर निम्बूको सानो चोइटा चुसेको देखेँ । थुप्रैले काउन्टर जाँदै त्यसै गरेको देखेँ । जति जना थिए, तिनीहरु सबैले हामी चार भाइलाई सोधेर टकिला काउन्टरबाट थापेर पिउँदा रहेछन् । सानो सिसीमा के खाको होला, बरु सिङ्गो बोतल नै खानु नि जस्तो लाग्यो, तिनीहरुको खुवाई देखेर ।



हामी चार भाइ लेक साइडको एउटा होटेलमा बसेका थियौँ । फेवाताल र वरिपरिको सुन्दर दृश्य हेर्दा साँच्चै स्वर्ग कतै छ भने पोखरा स्वर्ग नै हो । विशाल तालको नजारा हेर्नकै लागि दुई वटा ठाउँ सारनकोट र पुमदीकोटलाई विकास गरिएको रहेछ, जहाँबाट सम्पूर्ण पोखरालाई हेर्न सकिन्छ । पहिला नौकामा चढेर फेवातालको अवलोकन गर्ने सल्लाह भयो हाम्रो ।

म चाहिँ टिकेट काउन्टरतिर लागेँ । साथीहरू लाइफ ज्याकेट लगाएर सेल्फी हान्दै थिए । दृश्य यस्तो सुन्दर छ की फोटो नखिची बस्न सकिन्न पनि ।

काउन्टरतिर जाँदै गर्दा कालो गगल्स, सेतो टी शर्ट, कालै पेन्ट लगाएकी बिस-बाइसकी केटीले म भएकोमा आएर, “दाइ, हजुरहरू कति जना हुनुहुन्छ ?” भनेर सोधिन् ।

“हामी चार भाइ छौँ”, भने ।

“नौका रिजर्भ गर्नु हुँदैछ भने हामीलाई पनि तपाइँको ग्रुपमा लानुस् जम्मा छ जना हुन्छौं । दुई जना होस् या छ जना, पैसा त्यति नै पर्छ । बरु हामी आधा पैसा हजुरहरूलाई दिम्ला नि”, भनिन् । अर्कीले पनि त्यसै कुरा थपेर भनिन्, “हो नि हामीलाई पनि सस्तो पर्छ अनि हजुरहरूलाई पनि ।”

मैले “हुन्छ” भने ।

मेरा मित्रहरू पनि खुसी नै भए दुई जनाको साथ पाउँदा । छ जना चढ्यौं एउटै नौकामा । एक घण्टा फेवातालको घुमाई कति छिटो बित्यो थाहै भएन । दुवै जनाको पेसा एउटै रहेछ नाच-गान ।

गफै-गफमा दोस्ती बढ्यो । उनीहरूले पैसा दिन खोज्दै थिए हामीले लिएनौ । बेलुकी नौ बजे उनीहरूको कार्यक्रम हेर्न हामी जाने भयौँ ।

सेक्युरिटीको सलाम थापेर भित्र पसेको कुइरी मण्डल धुवा सँगै चहकिने लाइट र ठूलो म्युजिक बजिरहेको थियो । स्टेजमा दिउँसो भेटेको केटी हो की होइन भनेर ठम्याउनु खोजेको उसैले चिनेर हातको इशाराले बस्ने सोफा देखाइन् । चार भाइको लागि पहिलेबाट लामो सोफा खाली रहेछ ।

मेरो एक जना साथीले ह्विस्की अर्डर गरे । हल्का स्न्याक्स आयो । डान्स बवाल गर्दी रहिछन् । मेकअप र लाइटले गर्दा धेरै आकर्षित लाग्यो । नौ/दस जनाले पालैसँग नाचे । तर, हिन्दी गीतमा नाची रहेका छन् । हामीले पनि बसेकै ठाउँमा घरी-घरी बटारे नाच देखायौं ।

यत्तिकैमा एक जना नतर्की आएर मेरो कानमा भनिन् “दाइ हामी पनि टकीला खान्छौं ल ।”

मैले “हुन्छ लिनुस् न के छ र” भने ।

बारमा हेरेको सानो सिसीबाट एक तालमा स्वाट्ट पारेर निम्बूको सानो चोइटा चुसेको देखेँ । थुप्रैले काउन्टर जाँदै त्यसै गरेको देखेँ । जति जना थिए, तिनीहरू सबैले हामी चार भाइलाई सोधेर टकिला काउन्टरबाट थापेर पिउँदा रहेछन् ।

सानो सिसीमा के खाको होला, बरु सिङ्गो बोतल नै खानु नि जस्तो लाग्यो तिनीहरूको खुवाई देखेर ।

हामीले नाचको भरपुर मजा लिइरहेका थियौं ।

समय रातको ब्राह नाघी सकेको छ ।

